**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौ ३१ गते बुधबार ❑ 16 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## घरपझोङ जलवायु परिवर्तन सम्मेलन सुरु

### जलवायु चुनौतीको समाधानमा साझा सङ्कल्प– मन्त्री चौधरी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० भदौं

'घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३' मंगलबारदेखि यहाँ सुरु भएको छ।

मुस्ताङको घरपझोङ गाउँपालिकाद्वारा आयोजित सम्मेलनको सङ्घीय कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरील उद्घाटन गर्नुभएको हो । सो अवसरमा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जलवायु चुनौतीको समाधानका लागि तीन तहकै सरकारले साझा सङ्कल्प गर्नुपर्ने बताउनुभएको छ । मुस्ताङकोघरपझोङगाउँपालिका-४ जोमसोममा आयोजना गरिएको 'घरपझोङ जलवायु परिवर्तन सम्मेलनमा,२०८३' लाई यहाँ सम्बोधन गर्दा मन्त्री चौधरीले सो कुरा बताउनुभएको हो। उहाँले हिउँ पग्लिएका कारण हिमताल फुट्ने जोखिम बढ्दा बाढीपहिरोले प्राणी जगत्लाई ठूलो असर पुर्याइरहेको छ, भन्नुभयो। मन्त्री चौधरीले जलवायु परिवर्तनका कारण बाढीपहिरो, नदीकटान, खडेरी र डढेलोका



कारण कृषि तथा पशुपालनमा प्रत्यक्ष असर पुग्न गई खाद्य सुरक्षामा असर पुग्ने चेतावनी दिनुभयो। उहाँले बढ्दो तापमानका कारण हिमाली क्षेत्रमा थप जोखिम बढेको बताउनुभयो।

यसअघि प्रमुख अतिथिसहित सातै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि गाउँपालिका कार्यालय जोमसोममा भेला भइ झाँकीसहित सम्मेलनस्थल कभर्डहल पुग्नुभएको थियो । सम्मेलनको उद्घाटन सत्र बिहान करिब तीन घण्टा चल्ने कार्यक्रम निर्धारण गरिएको पालिका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो । उद्घाटन सत्रमा प्रधानमन्त्री वालेन्द्र शाहले पठाउनुभएको शुभकामना सन्देश वाचन गरेर सुनाइएको थियो । उद्घाटन सत्रमा विभिन्न जिल्लाका डेढ दर्जन बढी स्थानीय तहका जनप्रतिनिधिले जलवायु परिवर्तनबाट नेपालका विभिन्न क्षेत्रमा परेको असरका विषयमा केन्द्रित भइ सम्बोधन गर्नुहुने कार्यक्रम छ।

सम्मेलनमा हिमाल, पहाड र तराई क्षेत्रमा जलवायु परिवर्तनले पारेका असरका विषयमा गम्भीर रुपमा मन्थन गरिने छ। हरितगृह ग्यास उत्सर्जनका कारण हुने बढ्दो जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, जलवायु परिवर्तनका कारण हिमाल, पहाड र तराईका स्थानीय तहमा परेको जलवायु असरका विषयमा सम्मेलनमा विशेष छलफल हुनेछ। सम्मेलनको समापनका अवसरमा जलवायु कार्ययोजना र जलवायु न्यायका लागि हिमाली जिल्ला मुस्ताङबाट स्थानीय तहको संयुक्त सहभागितामा जलवायु घोषणापत्र २०८३ जारी गरिनेछ। विश्वकै चिन्ता र चाँसोको विषय बनेको जलवायु सङ्कट न्यूनीकरणका लागि स्थानीय तहले अपनाउनुपर्ने भावी कार्ययोजना र जलवायु अनुकूलनका उपायका सम्बन्धमा सम्मेलनमा विभिन्न कोणबाट छलफल हुनेछ। जलवायु सङ्कटले पृथ्वीको तापमान वृद्धि भई कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यावरण तथा मानवीय र भौतिक क्षेत्रमा परेको जोखिमका विषय सम्मेलनमा प्राथमिकताका साथ उठाइने छ । सम्मेलनमा यही भदौ १० गते रसुवा बाढीबाट भएको जनधनको क्षतिको समीक्षा गरिनेछ।

## जलवायु परिवर्तनको असर न्यूनीकरण तथा व्यवस्थापनका लागि विश्वसमुदायलाई आह्वान गरिने : प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, ३० भदौं

प्रधानमन्त्री वालेन्द्र शाहले जलवायु परिवर्तनका कारण सिर्जित जोखिम तथा विपद् न्यूनीकरण र व्यवस्थापनका पक्षमा विश्वव्यापी सहयोग र सहकार्यका लागि आह्वान गर्ने बताउनुभएको छ।

प्रधानमन्त्री शाहले मुस्ताङमा आयोजित 'घरपझोङ जलवायु सम्मेलन' का क्रममा पठाउनुभएको शुभकामना सन्देशमा जलवायु परिवर्तनबाट हुने असरको न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विषय विश्व समुदायको साझा जिम्मेवारी रहेकाले समाधानका लागि विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गनुभएको उल्लेख छ । प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परिरहेको समस्या, क्षति र समाधानलगायतका विषयमा विश्वसमुदायको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको शुभकामना सन्देशमा उल्लेख छ । यसैगरी, जलवायु परिवर्तनले नेपालको हिमाली, पहाडी र तराई क्षेत्रमा परिरहेको गम्भीर असरबारे राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायलाई ध्यानाकर्षण गराउने पनि प्रधानमन्त्रीको सन्देशमा उल्लेख छ।

विश्व व्यापीरुपमा तापक्रम वृद्धि हुँदा हाम्रा हिमालहरु पग्लिने, हिम चट्टान टुक्रिने, हिमालहरु फुट्ने हिम नदीहरुको बहाव बढ्ने, पानीका मुहानहरु सुक्दै जाने र मौसममा अप्रत्याशित परिवर्तन आउनेलगायतका समस्याहरु हिमाली क्षेत्रसहित समग्र नेपालीले भोग्नुपरेको तथा जलवायु परिवर्तनका कारण स्थानीयको जनजीवन, कृषि, जैविक विविधितामा पनि असर पर्न थालेको प्रधानमन्त्री शाहको सन्देशमा उल्लेख छ।

हिमाली जिल्ला मुस्ताङको जोमसोममा 'घरपझोङ जलवायु सम्मेलन' आयोजना भएकामा खुसी व्यक्त गर्नुहँदै प्रधानमन्त्री वालेन्द्र शाहले शुभकामना सन्देशमार्फत जलवायु परिवर्तनको असर सामना गर्ने कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहबीच बलियो सहकार्य हुन आवश्यक रहेको बताउनुभएको छ। स्थानीय घरपझोङ गाउँपालिकाले आयोजना गरेको दुईदिने सम्मेलनको आज कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले उद्घाटन गर्नुभएको थियो । सो सम्मेलनमा देशभरका अधिकांश गाउँपालिका तथा नगरपालिकाका प्रमुख एवं जिल्ला समन्वय समितिका प्रमुखहरूको सहभागिता रहेको छ।

हिमपहिरोबाट भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीले अपुरणीय जनधनसहित भौतिक सम्पत्तिको क्षति पुर्याएको तथा संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा प्रधानमन्त्री शाहले सम्बोधन गर्ने कार्यक्रमसहित व्यापक तयारी भइरहेको अवस्थामा भइरहेको सो सम्मेलनलाई महत्वका साथ हेरिएको छ।

## कांग्रेसको महाधिवेशनमा उत्साहपूर्वक सहभागी हुन सभापति थापाको आह्वान

**रासस**
काठमाडौं, ३० भदौं

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको १५औँ महाधिवेशनअन्तर्गत आगामी असोज ३ र ४ गते हुने वडा अधिवेशनमा कुनै अलमलमा नपरी उत्साहका साथ सहभागी हुन सम्पूर्ण क्रियाशील सदस्य, समर्थक तथा शुभेच्छुकलाई आह्वान गर्नुभएको छ।

सभापति थापाले मंगलबार विज्ञप्ती जारी गर्दै नेपालको संविधान, नेपाली कांग्रेसको विधान र प्रचलित कानुनबमोजिम हुन लागेको महाधिवेशनमा सबैको सहभागिता सुनिश्चित गर्न पार्टीले अधिकतम प्रयास गर्दै आएको उल्लेख गर्नुभएको छ। उहाँले लोकतन्त्रमा फरक मत हुनु स्वाभाविक रहेको भन्दै पार्टीभित्रका आन्तरिक मतभेद र असमझदारीलाई संवाद, विधि तथा पद्धतिबाट समाधान खोज्नु लोकतन्त्रको सुन्दर पक्ष भएको बताउनुभयो।

कांग्रेसमा फरक मतलाई स्वीकार गर्दै विधि र पद्धतिका आधारमा समाधान खोज्ने परम्परा रहँदै आएको उहाँले बताउनुभयो ।सभापति थापाले वर्तमान कार्यसमितिले पटकपटक संवादमार्फत सहमतिका सबै विकल्प स्वीकार गरी सबैलाई महाधिवेशन प्रक्रियामा सहभागी गराउने प्रयास गरेको उल्लेख गर्नुभयो । उहाँले पार्टीका अग्रज नेता, विभिन्न तहका पदाधिकारी तथा सदस्यबाट प्राप्त सुझावलाई ध्यानमा राखी २०८२ पुससम्म नवीकरण भएका सबै क्रियाशील सदस्यलाई अधिवेशन प्रक्रियामा सहज सहभागिता गराउने निर्णय गरिएको बताउनुभयो।

सभापति थापाले विशेष महाधिवेशन सम्पन्न हुनुअघिको केन्द्रीय कार्यसमितिका तत्कालीन पदाधिकारी तथा सदस्यलाई वर्तमान केन्द्रीय कार्यसमितिको सदस्यका रूपमा समावेश गर्ने निर्णय यही भदौ २८ गतेको कार्यसम्पादन समितिको बैठकले गरिसकेको भन्दै तत्कालीन केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्य १५औँ महाधिवेशन प्रक्रियामा केन्द्रीय सदस्यका रूपमा सहभागी हुनसक्ने स्पष्ट पार्नुभयो । उहाँले महाधिवेशन मार्फत सामूहिक प्रयासबाट पार्टीलाई एकताबद्ध र गतिशील बनाउँदै राष्ट्रका चुनौती सामना गर्नसक्ने बलियो कांग्रेस निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सभापति थापाले वडा तहदेखि केन्द्रसम्मको महाधिवेशन अभियानमा उच्च मनोबलका साथ सहभागी हुन सम्पूर्ण कांग्रेसजनलाई आग्रह गर्नुभएको छ । नेपाली कांग्रेसको १५औँ महाधिवेशन आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुन लागेको छ।

सभापति थापाले पार्टीका सबै तहका कार्यसमिति, पदाधिकारी, सदस्य, समर्थक तथा शुभेच्छुकलाई पार्टीको बृहत्तर हितलाई ध्यानमा राखी सौहार्दपूर्ण र हार्दिक वातावरणमा सबैलाई सहभागी गराएर महाधिवेशन सम्पन्न गर्न अपिल गर्नुभएको छ।

## पोखरामा जग्गाको कित्ताकाट खुल्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

पोखरा महानगरपालिकाले भू-उपयोग वर्गीकरण गरेसँगै जग्गाको कित्ताकाट खुलेको छ। महानगरका ३३ वटै वडाको झन्डै सात लाख कित्ताको भूउपयोग वर्गीकरण गरिएको छ।

महानगरप्रमुख धनराज आचार्यका अनुसार 'भूउपयोग ऐन २०७६' तथा 'भूउपयोग नियमावली २०७९' बमोजिम भूउपयोग वर्गीकरण विवरण तयार गरी कार्यान्वयनका लागि भूमि प्रशासन र नापी कार्यालयलाई पठाइएको हो । महानगरपालिकाको भूउपयोग परिषद्को सिफारिस र नगर कार्यपालिकाको निर्णयअनुसार उक्त भूउपयोग वर्गीकरण विवरण स्थानीय राजपत्रमा प्रकाशित भइसकेको छ । भूउपयोग वर्गीकरण विवरणका आधारमा प्रचलित कानुनबमोजिम भूमि प्रशासन तथा नापीसम्बन्धी अभिलेख, नक्सा तथा अन्य आवश्यक कामका लागि कार्यान्वयन प्रक्रिया अगाडि बढाउन आग्रह गर्दै जिल्लास्थित भूमि प्रशासन र नापी कार्यालयलाई महानगरले पत्राचार गरेको छ। सम्बन्धित कार्यालयबाट हुने जग्गा प्रशासन, कित्ताकाट, नक्सा तथा अभिलेखसम्बन्धी कार्यमा आवश्यक समन्वय गरिदिन महानगरले आग्रह गरेको छ । भूउपयोग वर्गीकरणसँगै कित्ताकाट, जग्गाको कारोबारलगायतका काममा नागरिकलाई सहजता थपिने महानगरप्रमुख आचार्यले बताउनुभयो।

## पूर्वसभापति देउवाद्वारा महाधिवेशनमा जुट्न आह्वान

**रासस**
काठमाडौं, ३० भदौं

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले आगामी मङ्सिर २१, २२ र २३ गतेका लागि आयोजना गरिएको १५औँ महाधिवेशनको तयारीमा जुट्न आह्वान गर्नुभएको छ।

उहाँले मंगलबार एक अपिल जारी गर्दै पार्टीभित्र देखिएको वर्तमान मतभेदको अन्त्य गर्नका लागि महाधिवेशनमा आग्रह गर्नुभएको हो। पार्टीभित्रको एकता, सहमति र सहकार्यलाई अझ सुदृढ बनाउँदै अघि बढ्ने यस अभियानमा आ-आफ्नो स्थानबाट साथ, सहयोग र सहकार्यका लागि सबैमा उहाँले अपिल गर्नुभएको छ।

पार्टीको संस्थापन पक्षले १५औँ महाधिवेशनको कार्यतालिका (आगामी असोज १६ देखि १९ गतेसम्म) सार्वजनिक गरी एकपक्षीय ढङ्गले अघि बढ्न खोजेको उहाँको आरोप छ।


कांग्रेसका १४औँ महाधिवेशनबाट निर्वाचित सभापतिका रूपमा १५औँ महाधिवेशन सम्पन्न गरी पार्टीको नेतृत्व हस्तान्तरण गर्नु आफ्नो वैधानिक, राजनीतिक तथा नैतिक दायित्व भएको दाबी उहाँको दावी छ।

पूर्वसभापति देउवाले भोटेकोशी बाढीबाट ज्यान गुमाएका सबैप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ। साथै उहाँले बाढीमा बेपत्ता भएका व्यक्तिको खोजी र उद्धारमा निरन्तरता दिन सरोकारवाला सबैमा आग्रह गर्नुभएको छ।

## आँधीखोलामा स्नान गर्नेक्रममा महिलाको मृत्यु

**पोखरापत्र संवाददाता**
वालिङ, ३० भदौं

ऋषिपञ्चमीको अवसरमा आँधीखोलामा स्नान गर्नेक्रममा सो खोलाले बगाउँदा मंगलबार बिहान एक महिलाको निधन भएको छ । वालिङ नगरपालिका-९ भूम्रेकि ५३ वर्षीया माया पाण्डे मृतावस्थामा भेटिएको वडा प्रहरी कार्यालय वालिङका प्रहरी नायब उपरीक्षक प्रताप पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार भूम्रेस्थित आँधीखोलामा नुहाउने क्रममा पाण्डेलाई खोलाले बगाएको थियो। वडा प्रहरी कार्यालय वालिङ, जनप्रतिनिधि, स्थानीयवासीले खोजी गर्ने क्रममा झण्डै चार किलोमिटर तल वालिङ -१३ शान्तिघाटस्थित आँधीखोलामा ढुङ्गामा अड्किएको अवस्थामा शव फेला परेको जनाइएको छ।



# सहारा क्लबको अभियानमा प्रदेश सरकारले आवश्यक सहयोग गर्छ : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



सहारा खेलकुद पत्रकारिता पुरस्कार-२०८३ बाट रोहितराज पराजुली पुरस्कृत हुनुभएको छ।

सहारा क्लब पोखराको २८औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङ, नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, प्रतिभा छनोट समितिका संयोजक नारायण कार्की, सहारा क्लबका अध्यक्ष केशवबहादुर थापा लगायतले पत्रकार पराजुलीलाई सम्मान गर्नुभएको हो । २०६१ सालदेखि पोखरामा पत्रकारीता गर्दै आउनु भएको पराजुलीले ताम्रपत्र सहितको सम्मानको साथमा नगद ३० हजार ५२५ रुपैयाँ समेत प्राप्त गर्नु भएको हो।

सो अवसरमा वोल्दै मन्त्री गुरुङले सहारा क्लबले विपन्न तथा कठिन परिस्थितिका बालकहरूलाई सहारा एकेडेमीमार्फत आवासीय रूपमा राखेर शिक्षा तथा फुटबल प्रशिक्षण प्रदान गर्दै आएको कार्यको प्रशंसा गर्दै क्लबको अभियानमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले आहा! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिताका लागि आवश्यक बजेटको व्यवस्थासँगै सहारा एकेडेमीका लागि समेत सहयोग गर्ने बताउनुभयो। "कहिँ कतै छुट भएको रहेछ भने पनि सहयोग गर्छौं," उहाँले भन्नुभयो । सहारा क्लबले बोलेरभन्दा काम गरेर देखाएको उल्लेख गर्दै मन्त्री गुरुङले क्लब सामाजिक सेवाका क्षेत्रमा प्रेरणाको स्रोत बनेको बताउनुभयो। सहारा क्लबको अभियान अन्य देशमा समेत विस्तार हुँदै जानुपर्ने उहाँको भनाइ थियो। मन्त्री गुरुङले गण्डकी प्रदेश खेलकुद परिषद्मा देखिएको 'गण्डकी पदक' विवादका विषयमा समेत केही दिनभित्र निर्णय हुने र आवश्यक कारबाही अघि बढाइने जानकारी दिनुभयो । आफू मन्त्री पदमा नरहे पनि सहारा क्लबको अभियानमा साथ दिइरहने उहाँले प्रतिबद्धता जनाउनुभयो । पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतमले सहारा क्लबले पोखराको सामाजिक क्षेत्रमा छुट्टै पहिचान बनाएको बताउँदै क्लबको अभियानमा सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो । हिमश्री फुड्सका कार्यकारी निर्देशक प्रकाश केसीले सहारा क्लबको अभियान प्रशंसनीय रहेको बताउँदै आफ्नो संस्थाले लामो समयदेखि क्लबलाई सहयोग गर्दै आएको जानकारी दिनुभयो। उहाँका अनुसार सहारा एकेडेमीमा आफ्ना बुबाको स्मृतिमा वार्षिक १५ लाख रुपैयाँ सहयोग गर्दै आइएको छ।

पोखरा महानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले सहारा एकेडेमीका लागि चालु आर्थिक वर्षमा वडाले १० लाख रुपैयाँ बजेट विनियोजन गरेको बताउनुभयो । क्लबले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै वडाले क्लबका हरेक गतिविधिमा साथ र सहयोग गर्ने उहाँले बताउनुभयो । उक्त अवसरमा पोखरा ९ को वडा कार्यालयले क्लवलाई रंगित प्रिन्टर एक थान हस्तान्तरण गरिएको छ।

यस वर्षको सहारा खेलकुद पत्रकारिता पुरस्कार पाउने पराजुली हाल नयाँ पत्रिका दैनिकमा आबद्ध हुनुहुन्छ । पोखरा-१ निवासी उहाँले २०६१ सालमा आदर्श समाज दैनिकबाट विद्यार्थी पत्रकारका रूपमा पत्रकारिता यात्रा सुरु गर्नुभएको थियो । पराजुलीले यसअघि युवा तथा खेलकुद मन्त्रालयको खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार, खेलकुद पत्रकार मञ्च गण्डकीको उत्कृष्ट खेल पत्रकार अवार्ड तथा अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कारसमेत प्राप्त गरिसक्नुभएको छ। क्लबले प्रदान गर्दै आएको उक्त पुरस्कार यस वर्ष ३० हजार ५२५ रुपैयाँ र सम्मानपत्रसहित प्रदान गरिएको हो। क्लबले यसपालि पुरस्कारको राशि वृद्धि गरेको जनाएको छ। खेल पत्रकारिता विधामा नेपालमै पहिलोपटक २०६३ सालमा स्थापना गरिएको उक्त पुरस्कारबाट पराजुलीसहित हालसम्म २१ जना खेलकुद पत्रकार सम्मानित भएका छन् । यसै अवसरमा सहारा क्लबले सहारा उत्कृष्ट सदस्य सम्मान-२०८३ बाट सिद्धान्त थापा मगरलाई पनि सम्मान गरेको छ। क्लबका विभिन्न गतिविधिमा सक्रिय सहभागिता र योगदान पुऱ्याएको कदरस्वरूप उहाँलाई सम्मान गरिएको महासचिव गंगाराज पौडेलले बताउनु भयो । उक्त अवसरमा सन्जु गुरुङले आफ्नी आमा चित्रकुमारी गुरुङको स्मृतिमा ७८ हजार सहयोग गर्नु भयो। पोखरा १७ दोभिल्लामा हाल १६ जिल्लाका ३० जना बालकहरु रहेको बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङले बताउनु भयो । द्धगत बर्ष सहारा एकेडेमी अक्षयकोषमा ७ लाख ६ हजार ३० रुपैया संकलन भएको क्लवले जनाएको छ । उक्त कोषमा हालसम्म ३ करोड ५० लाख जम्मा भएको क्लवले जनाएको छ।

सहारा एकेडेमी संचालन गर्न बर्षमा करिब ५० लाख खर्च हुने क्लवका अध्यक्ष थापाले बताउनु भयो । उक्त एकेडेमीमा बार्षिक रुपमा सुर्यबहादुर केसी परिवारबाट १५ लाख, लुम्बिनी बिकास बैंकबाट २ लाख ५० हजार सहयोग प्राप्त हुने गरेको उहाँले जनाउनु भयो । त्यसै गरी लुम्बिनी बिकास बैंकका निर्देशक अर्जुज थापाबाट ५० हजार र देव गुरुङ हङकङ(आहा रारा पोखरा गोल्ड कपका लागि) ५१ हजार सहयोग गर्नु भएको छ।

# न्युनतम पारिश्रमिक, श्रम ऐन र सामाजिक सुरक्षा कोष तत्काल लागू गर्न जिसस कास्कीको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



जिल्ला समन्वय समिति कास्कीले जिल्लामा न्युनतम पारिश्रमिक, श्रम ऐन र सामाजिक सुरक्षा कोष तत्काल लागू गर्न आग्रह गरेको छ।

मंगलबार जिसस कास्कीले जिल्लास्थित सम्पूर्ण क्षेत्रमा कार्यरत मजदुर, कामदारहरू र रोजगारदाताहरूको सहभागीतामा आयोजना गरिएको अन्तरक्रीया कार्यक्रममा उक्त बिषयहरू कार्यान्वयन गर्न अनुरोध गरिएको जिसस प्रमुख लिलाधर पौडेलले बताउनुभयो । प्रमुख पौडेलले श्रमजीवी बर्गले पाउनु पर्ने न्युनतम पारिश्रमिक नपाएको, श्रम ऐनको प्रभाबकारी कार्यान्वयन नभएको र केही औद्योगिक ब्यबसाय, शैक्षिक संस्था, संचार संस्था सहित सार्बजनिक, सरकारी, गैरसरकारी तथा निजि क्षेत्रमा कार्यरत कामदार एबम मजदुरहरूले सामाजिक सुरक्षा कोषमा आबद्ध नगराइएको पाइएकोले सो सम्बन्धि ब्यबस्था सरोकारवालाहरूलाइ तत्काल योजना बनाइ कार्यान्वयन गर्न अनुरोध गर्नुभयो । सो बिषय लागू भए नभएको नियमित अनुगमन समेत गर्न सरोकारवाला सरकारी निकायलाई पौडेलले आग्रह गर्नुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङले न्युनतम पारिश्रमिक, श्रम ऐन र सामाजिक सुरक्षा कोषको आवद्धता आम श्रमजीवी मजदुरहरूको हक अधिकार संग मात्रै सम्बन्धित नरहेर रोजगारदाताहरूको दायित्व र राज्यको कर्तब्यसंग पनि जोडिएको बिषय भएको हुँदा कास्कीमा निर्बाध थप प्रभाबकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा जिफन्टका रुद्र खत्री, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष शोभा गौतम, शिक्षा बिकास समन्वय एकाइ कास्कीका प्रमुख लोकनाथ आचार्य, प्रतिभा मा बि का प्राचार्य किरण सापकोटा सहितले आ-आफ्नो धारणा राख्नुभएको थियो। श्रम कार्यालय पोखराका वरिष्ठ श्रम अधिकृत चण्डिका पौडेलले श्रम ऐन र न्युनतम पारिश्रमिकको कानुनि तथा नितिगत ब्यबस्थाका बिषयमा र सामाजिक सुरक्षा कोष पोखराका कार्यालय प्रमुख डि.पि.सुन्दर पराजुलीले कोषका सन्दर्भमा जानकारी गराउनु भएको थियो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो । कार्यक्रममा श्रमिक, मजदुरका प्रतिनिधि सहित संचारकर्मी, रोजगादाता, ब्यबसायीहरू, सरोकारवाला सरकारी निकाय, श्रम कार्यालय, शिक्षा बिकास तथा समन्वय इकाइ, सामाजिक सुरक्षा कोषका प्रमुख र प्रतिनिधिहरूको उपस्थिति रहेको जिससका सूचना अधिकारी लक्ष्मु शर्माले जानकारी दिनुभयो।

# 'शताब्दी घर'मा लाखेको बिदाइ

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



तीज पर्वसँगै नेवार समुदायमा भदौरे जात्राको मैजारो भएको छ। बर्खे नाचले चिनिने यस जात्रामा लाखे, बास्सा, रोपाइँ, होवा, जोगी, कटुवाल, घोडालगायतका नाच तथा झाँकी प्रदर्शन गर्ने गरिन्छ । जनैपूर्णिमाको भोलिपल्टदेखि भदौरे जात्राको रौनक सुरु हुने भएपनि नेवार जातिको लोकप्रिय नाच लाखे भने गठेमङ्गल पर्वदेखि नचाउने चलन छ।

ठूला चाडबाड आउनुअघि चल्ने यस्ता सांस्कृतिक जात्रा र नाचले पर्वमय माहोलको छनक दिने गर्छन् । पर्वतको कुश्मास्थित 'शताब्दी घर'को आँगन पनि सोमबार साँझ लाखे नाचले गर्मायो । पुरानो बजार क्षेत्रमा सक्रिय लाखे एकीकृत समाजले यस वर्षको अन्तिम लाखे नाच प्रदर्शन गरेको थियो । यससँगै वर्षदिनका लागि लाखे नाचलाई बिदाइ गरिएको स्थानीयवासी जयन्द्रकुमार जोशीले बताउनुभयो।

कुश्मामा साउन कृष्ण औँशी अर्थात् भुते औँशीदेखि तीजसम्म लाखे नाच देखाउने परम्परा रहेको उहाँको भनाइ छ । यसबीचमा रोपाइँ जात्रा, गाईजात्रा, बाघ जात्रा र हनुमान नाच प्रदर्शन गर्ने गरिएको जोशीले बताउनुभयो। करिब अढाई वर्षदेखि कुश्मामा लाखे नाचको सुरुवात भएको मानिन्छ। "हामीले जान्दैखेरी लाखे नाच देखाउन सुरु गरिएको थियो, नेवारी संस्कृतिको संरक्षण गर्न बर्सेनि लाखे नाच प्रदर्शन गर्दै आएका छौँ", उहाँले भन्नुभयो । नेवार समुदायले निकाल्ने लाखे नाचमा अन्य जातजातिको पनि सहभागिता रहने गरेको छ । लाखे बनेर नाच्ने काम नेवार समुदायका व्यक्तिबाट हुने भए पनि यसको तयारीदेखि व्यववस्थापकीय काममा कुश्मावासी सबैको हातेमालो रहँदै आएको छ । संस्कृतिकर्मी शान्तिनारायण श्रेष्ठका अनुसार भदौरे जात्रामा लाखे नाचसहित गाईजात्रा, नागा नाच, रोपाइँ जात्रा, बाघ जात्रा, कृष्ण जात्रा, हनुमान नाच, बकुल्ला नाच आदि पर्छन् । संरक्षण अभावमा बकुल्ला नाच र हनुमान नाच भने लोप हुने अवस्थामा पुगेको उहाँले बताउनुभयो । विगतका वर्षमा झैँ यस वर्ष पनि लाखे नचाउँदै नगर परिक्रमा गर्ने, विविध परम्परागत वेषभूषा र चरित्रमा लाखे नाच देखाइएको लाखे एकीकृत समाजका कार्यक्रम संयोजक रजतमान श्रेष्ठले बताउनुभयो। "किंवदन्ती अनुसार भूतप्रेतहरू मानिसमा लागेर सताउने भएकाले उनीहरूले मानिसलाई दुःख नदिउन् भन्नका लागि लाखे नाचको प्रचलन सुरु भएको हो", उहाँले भन्नुभयो । उहाँले लाखे नाचजस्ता नेवार समुदायमा प्रचलित परम्परागत नाच र संस्कृति पुस्तान्तरणको खाँचो औँल्याउनुभयो । संरक्षणकर्मी आरके अदीप्त गिरीले लाखे नाच अमूर्त सांस्कृतिक सम्पदाका रूपमा रहेको बताउनुभयो। "२५० वर्षअघि भक्तपुरबाट आएको यो परम्परालाई जोगाउन नेवार समुदायको सक्रियता मात्र पर्याप्त छैन", उहाँले भन्नुभयो, "यसका लागि राज्यले नीतिगत प्रबन्धसहित दीर्घकालीन सहयोग गर्न आवश्यक छ।"

सदियौँदेखि मनाउँदै आइएका स्थानीय मौलिक कला, संस्कृति, पर्व, परम्परा र वेषभूषाको संरक्षण एवं सम्वर्द्धनका 'शताब्दी घर'को परिकल्पना एवं संरक्षण गरिएको गिरीले बताउनुभयो । लाखे जस्तै विभिन्न समुदायमा प्रचलित नाचगानलाई जोडेर 'शताब्दी घर' मा मासिक शृ ला सञ्चालन गर्ने योजना बनाइएको उहाँको भनाइ छ । समुदायसँगै स्थानीय तहले पनि कला, संस्कृति र सम्पदा संरक्षणमा ध्यान दिनुपर्ने गिरीले बताउनुभयो।

## के हो लाखे नाच ?

लाखे नाच घण्टाकर्ण (गठेमङ्गल) पर्वमा सुरु गरी तीजमा अस्ताउने चलन छ । राजाका सिपाहीले घण्टाकर्ण नाम गरेका राक्षसलाई मारेपछि पति बियोगमा व्युहल बनेकी उनकी श्रीमती लाखे बनेर नाचेको किम्बदन्ती पाइन्छ । त्यसकै प्रतिक स्वरूप नेवार समुदायले बर्सेनि लाखे नाच प्रदर्शन गर्दै आएका छन् । नेवार जाति बसोबास गर्ने ठाउँ अनुसार फरक-फरक तरिकाले लाखे नाच नचाउने गरिन्छ । लाखे नाचको प्रचलन र यसको इतिबासबारे पनि विभिन्न तर्क पाइन्छन्।

लाखे नाचमा हिँडाउने, पङ् ताल, भोटेसेलो र झ्यारी गरी चार ताल हुन्छन् । राक्षसको स्वरूप झल्कने मुकुट र देवी वस्त्रसहित कलाकारलाई सिँगारेर लाखे नचाउने गरिन्छ। नेवार समुदायले आफ्नो पुस्तैनी संस्कृतिका रूपमा लाखे नाचको परम्परालाई धान्दै आएका छन् । सयौँ वर्षअघि भक्तपुर, धुलिखेल र भादगाउँबाट आएका नेवार जातिले पर्वत, बागलुङलगायत ठाउँमा लाखेसहित विभिन्न जात्राका थिती बसालेको संस्कृतिकर्मी प्रेम छोटा बताउनुहुन्छ । यस्ता पर्व तथा जात्रालाई भाइचारा, मेलमिलाप, सामाजिक सन्देश र मनोरञ्जनको माध्यमका रूपमा लिइने गरिएको छ। हरेक नाचका आ-आफ्नै परम्परा र ऐतिहासिक मान्यता छन्। जात्राले गीत, नृत्य र अभिनयबाट व्यङ्ग, पौराणीक कथा, जनजीवनका भोगाइ र स्वस्थ मनोरञ्जनलाई समेट्ने गरेको छ। नाचको कथा, पृष्ठभूमि, स्वरूप र शैली भने बेग्लाबेग्लै पाइन्छ। पछिल्लो समय जात्राको रौनक खुम्चदैं गएपनि संस्कृति र परम्परा जोगाउन नेवार समुदाय लागिपरेको छ। संरक्षण अभावमा कतिपय नाच भने हराएर गएको नेवार अगुवा बताउँछन् । नयाँ पुस्तामा पुरानो संस्कृतिप्रतिको मोह कम हुँदै जाँदा परम्परागत नाच संरक्षणमा चुनौती थपिएको छ।

# रसुवाका विपद् प्रभावितलाई न्यू ग्यालेक्सीको ५ लाख बढि सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



न्यू ग्यालेक्सी मावि पोखरा-३ नदिपुरले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नगारिकहरुको राहत तथा पुनर्स्थापनका लागि ५ लाख १७ हजार ७ सय ७७ रुपैयाँ सहयोग गरेको छ।

रसुवा जिल्लामा प्राकृतिक विपद्का कारण प्रभावित बनेका नागरिकको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले पोखरा-३ नदिपुरस्थित न्यू ग्यालेक्सी माध्यमिक विद्यालयले हिसान कास्की मार्फत ३ लाख १७ हजार ७ सय ७७ र एन प्याब्सन कास्की मार्फत २ लाख रुपैया प्रधानमन्त्री राहत कोषमा सहयोग गर्ने गरी रकम हस्तान्तरण गरेको हो। विद्यालय हिसान र एन प्याब्सनमा आवद्ध भएकोले तीनै संस्थामार्फत प्रधानमन्त्री राहत कोषामा सहयोग हस्तान्तरण गरेको हो। उक्त रकम न्यू ग्यालेक्सी माध्यामिक विद्यालयका प्रिन्सिपल तथा हिसान कास्कीका अध्यक्ष डा. रामजी शर्मा, विद्यालयका निर्देशक तथा एन प्याब्सन कास्कीका कोषाध्यक्ष राजु कायस्थ, भाइस प्रिन्सिपल राजेश श्रेष्ठले हिसानका केन्द्रीय उपाध्यक्ष डोलराज पाण्डे, कास्कीका अध्यक्ष दिवाकर जैसी, उपाध्यक्ष पुरन कुँवर तथा एन प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष याम खड्का, कास्कीका अध्यक्ष मनकाजी गुरुङ, वरिष्ठ उपाध्यक्ष प्रेमराज अधिकारीलेलाई प्रधानमन्त्री राहत कोषामा जम्मा गर्ने गरी चेक हस्तान्तरण गरेका थिए।

विपद्का कारण घर, सम्पत्ति तथा दैनिक जनजीवन प्रभावित भएका नागरिकलाई साथ दिँदै विद्यालयले सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालय परिवारबाट संकलित रकम सहयोग गरेको विद्यालयका प्रिन्सिपल शर्माले जानकारी दिए।

विद्यालयका प्रिन्सिपल शर्माले विपद्का बेला पीडित नागरिकको साथमा उभिनु विद्यालयको सामाजिक दायित्व भएको बताए। उनले विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञानसँगै मानवीय संवेदना, सहयोग र सामाजिक उत्तरदायित्वको संस्कार सिकाउनुपर्नेमा जोड दिए।

शर्माले प्राकृतिक विपद् कुनै व्यक्ति वा समुदायको मात्र समस्या नभई समग्र समाजको साझा चुनौती भएको उल्लेख गर्दै विपद्का बेला सबै क्षेत्र एकजुट भएर प्रभावित नागरिकको उद्धार, राहत र पुनर्स्थापनामा लाग्नुपर्ने बताए । 'विपद्का बेला हामीले पीडितको दुःखलाई आफ्नै दुःखका रूपमा अनुभूति गर्न सक्नुपर्छ। राहत रकमको आकारभन्दा पनि त्यसमा जोडिएको मानवीय भावना महत्वपूर्ण हुन्छ' उनले भने, 'शैक्षिक संस्थाले विद्यार्थीलाई पढाउने मात्र होइन, समाजप्रतिको जिम्मेवारी पनि सिकाउनुपर्छ।' आफ्नो क्षमताअनुसार विपद् प्रभावित नागरिकको सहयोगमा योगदान गर्न पाउनु विद्यालय परिवारका लागि गौरवको विषय भएको विद्यालयका निर्देशक राजु कायस्थाले बताए।

विद्यालयले आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न मानवीय तथा सामाजिक सेवाका गतिविधिलाई निरन्तरता दिने उनले प्रतिबद्धता व्यक्त गरे।


## डेंगीबाट कसरी बच्ने ?

- **बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।**
- **लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।**
- **घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।**
- **पानी राखेको भाँडालाई छोपेर राखौं।**
- **लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं**
- **लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।**
- **घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ।**
- **सुत्ने बेलामा झुल लगाएर सुतौं।**
- **कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।**
- **कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# न्यायधीश नियुक्तिमा वरिष्ठतम् छोडियो गुन तिर्ने रोजियो

पुराना लोकतान्त्रिक दलले सरकार संचालन गर्दा वरियता मिचेको आरोप लगाउनेहरुले सरकार चलाउँदा सबै सिमा भत्काएका छन । रास्वपाका सभापति रवि लामिछानेविरुद्ध लागेको मुद्दा संशोधन गर्न अनुमति दिने न्यायाधीश वरियता मिचेर बढुवा सिफारिस भएका छन् । चार दिनपछि उमेर हदका कारण अनिवार्य अवकाशमा जान लागेका कास्की जिल्ला अदालतका न्यायाधीश हिमलाल बेल्बासेलाई न्याय परिषद्ले बिहीबार उच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको छ । लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा दर्ता भएको सूर्यदर्शन सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग संशोधनको अनुमति न्यायाधीश बेल्बासेको इजलासले गत जेठ ८ गते दिएको थियो । जेनजी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारकी महान्यायाधीवक्ता सविता भण्डारीले लामिछानेविरुद्ध देशभरका अदालतमा दर्ता भएका मुद्दा संशोधन गर्ने निर्णय गरेकी थिइन् । निर्णयअनुसार जिल्ला सरकारी वकिल कार्यालय कास्कीमार्फत दर्ता भएको अभियोग संशोधनलाई बेल्बासेको इजलासले सदर गरेको थियो ।

संशोधनपछि लामिछानेविरुद्ध सहकारी ठगी सम्बन्धी मुद्दा मात्रै बाँकी रहेको छ। दुई तिहाइ बहुमत प्राप्त पार्टीका सभापतिलाई लगाएको 'गुन' न्याय परिषद्मार्फत वरियता मिचेर तिरिएको छ। मंगलबार परिषद्ले उच्च अदालतमा तीन जना मात्रै न्यायाधीश सिफारिस गरेको छ जसमा जिल्ला अदालतबाट बेल्बासे एक जना मात्रै परेका छन् । न्याय परिषद्ले प्रकाशित गरेको पछिल्लो बुलेटिनअनुसार उनी १३औँ वरियताका जिल्ला न्यायाधीश हुन्। सभापति लामिछाने निकट मानिने सोविता गौतम कानुनमन्त्री एवं परिषद्को सदस्य भएको अवस्थामा बेल्बासेलाई घर जाने बेलामा 'पुरस्कृत गरिएको' छ । २०२० साल असोज ४ गते जन्मेका उनी यही असोज ३ गते ६३ वर्षे उमेर हद पूरा भएकाले नियमित अवकासमा जाँदैछन् । सभापति लामिछानेलाई आदेशमार्फत गुन लगाएका बेल्बासेलाई घर जाने बेला उच्च अदालतको न्यायाधीशबाट अवकाश दिन मंगलबार चार दिनका लागि मात्रै भए पनि उच्च अदालत जनकपुरको न्यायाधीशमा पदस्थापन हुने गरी सिफारिस गरिएको छ ।

नियुक्ति पत्र लिएर जनकपुर पुग्दा नपुग्दै अवकाशमा जानेछन्। विधि र मेरिटको नारा लगाउनेको हातमा सत्ता हुँदा कति सम्म गर्छन भन्ने यो उदाहरण हो। काम नगरे पनि उनको पेन्सन उच्च अदालतको न्यायाधीशबाट अवकाश पाएकै सरह हुन्छ । न्याय परिषद्ले सर्वोच्च अदालतका रजिस्ट्रार भद्रकाली पोखरेललाई पनि उच्च अदालतको न्यायाधीश सिफारिस गरेको छ । उनलाई उच्च अदालत सुर्खेतमा पदस्थापन गर्न प्रधानन्यायाधीश समक्ष सिफारिस गरेको छ । त्यस्तै फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहलाई उच्च अदालत विराटनगरको न्यायाधीश पदमा नियुक्ति तथा पदस्थापनका लागि सिफारिस गरिएको छ। रास्वपाको सरकार बनेपछि सभापति रवि लामिछानेलाई विभिन्न अभियोग र काण्डमा सघाउने र सफाई दिलाउनेहरु पुरस्कृत हुँदै आएका छन । यसअघि परिषद्ले रास्वपा सभापति लामिछानेलाई आदेशमार्फत गुन लगाएका उच्च अदालत तुलसीपुरमा कार्यरत तत्कालीन न्यायाधीश वासुदेव आचार्यलाई विशेष अदालतको अध्यक्ष बनाएको छ । गत असार ३२ गते परिषदले सुदर्शनदेव भट्टलाई सरुवा अवधि नपुगी हटाएर आचार्यलाई अध्यक्ष बनाएको थियो ।

सामान्यतया विशेषमा दुई वर्षमा न्यायाधीश फेरिने भए पनि आचार्यलाई लान भट्टलाई एक वर्षमै सरुवा गरियो। २०८२ पुसमा आचार्य र अर्का न्यायाधीश तेजनारायण पौडेलको इजलासले लामिछाने विरुद्ध कायम गरिएको बिगोमध्ये उनको भागमा दामासाहीले पर्ने २ करोड ७४ लाख ८४ हजार बुझेर रिहा गर्न आदेश दिएको थियो। जुन आदेशले कानुनी वृत्तमा बहस सिर्जना गरेको छ । लामिछानेलाई सहज हुने गरी आदेश गर्ने न्यायाधीशहरु धमाधम पुरस्कृत हुन थालेपछि न्यायपालिकाभित्र बरिस्ठता र कार्यक्षमता र नैतिकताका बारेमा प्रश्न उठाउने ठाउँ दिएको छापुरानालाई आरोप लगाउने तर उनिहरुले गर्न नसकेको गलत काम गरेर विधि, थिति र नीतिको धज्जी उडाएका छन् ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बाढीपीडितलाई निजी विद्यालयको साथ

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० भदौं

भोटेकोशी बाढीपीडितलाई बागलुङका निजी विद्यालयले रु १२ लाख बढी रकम सहयोग गरेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याप्सन) बागलुङले भोटेकोशी-त्रिशूली बाढी प्रभावितका लागि प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा रु १२ लाख ७७ हजार ६३३ सहयोग गरिएको छ । प्याप्सनमा आबद्ध विद्यालय, विद्यालय सञ्चालक, शिक्षक, कर्मचारी तथा विद्यार्थीबाट सङ्कलन गरी रु आठ लाख २४ हजार ७४१ र प्याप्सन केन्द्रमार्फत सरकारलाई पाठाइएको प्याप्सन बागलुङका अध्यक्ष दल थापाले जानकारी दिनुभयो । प्याप्सन केन्द्रले देशभरका जिल्लाबाट सङ्कलित रकम एकमुष्ट रूपमा प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ। प्याप्सनमा आबद्ध बागलुङका विभिन्न विद्यालयले सोझै प्रधानमन्त्री राहत कोषमा रु चार लाख ५२ हजार ८९२ जम्मा गरेका छन् । प्याप्सन बागलुङमार्फत प्रधानमन्त्री राहत कोषमा रु १२ लाख ७७ हजार ६३३ सहयोग पुगेको अध्यक्ष थापाले जानकारी दिनुभयो । भोटेकोशी-त्रिशूली नदीमा यही भदौ १० गते गएको बाढी तथा विपद्का पीडितको राहत र उद्धारमा सघाउने उद्देश्यले प्याप्सन बागलुङले जिल्लाभरका सदस्य विद्यालयमार्फत राहत सङ्कलन अभियान सञ्चालन गरेको थियो ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
पर्वत, कुश्मा

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा पर्वत जिल्ला जलजला गाउँपालिका वडा नं. ३ (साविक माझफाँट गा.वि.स. वडा नं. ३) बस्ने भारतीय सेना भु.पु.नं. जे.सी. १४७५१७L, १/४ जि.आर. सुवेदार बल राम प्रधान (नेपाली नागरिकता प्रमाणपत्रमा निजको नामथर बल राम श्रेष्ठ) को श्रीमती जुहार मिलन श्रेष्ठको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर जुहार मिलन श्रेष्ठ, जन्म मिति वि.सं. २०१५/११/०१ (ई.सं. १९५९/०२/१२) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर जुहार मिलन (Juhar Millan), जन्म मिति सन ०१ सेप्टेम्बर १९५४ उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ती एउटै भएको भनी जलजला गाउँपालिका ३ नं. वडा कार्यालय पर्वतको च.नं. ११४, मिति २०८३/०५/२४ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ९ बस्ने भारतीय भु.पु. सैनिक नं. ३२००५१० का हबल्दार मेख बहादुर क्षेत्रीको श्रीमती देवी क्षेत्रीको नेपाली ना.प्र.प. नं. ४१४२ जारी मिति २०४४/१२/२२ मा नाम थर देवी खड्का कार्की भन्ने देवी क्षेत्री र जन्म मिति वि.सं. २०२५/०६/११ (1968/09/26 A.D.) भएको र भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर देवी क्षेत्री र जन्म मिति 1974/07/24 AD (वि.सं.२०३१/०४/०९) उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. १५३ मिति २०८३/०५/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**


# भानु नगरपालिकाबाट जग्गा प्रशासन सेवा सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० भदौं

तनहुँको भानु नगरपालिकाले जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह सुरु गरेको छ।

भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आवश्यक स्वीकृति प्राप्त भएपछि नगरपालिकाले सोमबारदेखि स्थानीय तहमै जग्गा प्रशासन सेवा सुरु गरेको हो । भूमि प्रशासन सेवा स्थानीय तहमै उपलब्ध हुन थालेपछि भानु नगरपालिकाका सेवाग्राहीलाई जग्गासम्बन्धी कामका लागि सदरमुकाम दमौली धाउनुपर्ने बाध्यता हटेको छ। सेवा सुरु भएसँगै नगरपालिकाले जग्गा प्रशासनको कामलाई स्थानीय तहबाटै सहज, छिटो र प्रभावकारी रूपमा उपलब्ध गराइने जनाएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भर्चुअल माध्यमबाट सेवा प्रवाहको शुभारम्भ गर्दै स्थानीय तहबाटै भूमि प्रशासन सेवा उपलब्ध गराउने कार्यले नागरिकलाई सहज हुने विश्वास व्यक्त गर्नुभयो । सेवा शुभारम्भसँगै नगरपालिकाले पहिलो सेवाग्राहीका रूपमा भानु नगरपालिका-२ निवासी तोरणबहादुर अधिकारीलाई जग्गाधनी प्रमाणपत्र र जग्गाको नक्सा प्रदान गरेको छ।

भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले भूमिसम्बन्धी सम्पूर्ण सेवा नगरपालिकाबाटै उपलब्ध हुन थालेपछि नगरवासीलाई ठूलो सुविधा पुगेको बताउनुभयो । उहाँका अनुसार स्थानीय तहबाटै सेवा उपलब्ध हुने भएपछि सेवाग्राहीको समय, खर्च र झन्झट बचत हुनेछ । नगरपालिकाले जग्गा प्रशासनसम्बन्धी सेवा सञ्चालनका लागि छुट्टै भूमि व्यवस्थापन शाखा गठन गरेको छ । उक्त शाखाअन्तर्गत विभिन्न प्रकृतिका कामलाई व्यवस्थित गर्न भूसेवा केन्द्र तथा कागजात परीक्षण फाँट, लिखित रजिष्ट्रेशन तथा जग्गा प्रशासन फाँट, नक्सा अद्यावधिक फाँट र तामेली फाँट स्थापना गरिएको नगरप्रमुख त्रिपाठीले जानकारी दिनुभयो ।

स्थानीय तहबाटै जग्गा प्रशासनसम्बन्धी सेवा उपलब्ध हुन थालेपछि सरकारी सेवा नागरिकको घरदैलो नजिक पुर्‍याउने उद्देश्यलाई समेत सहयोग पुग्ने सेवाग्राही तोरणबहादुर अधिकारीले बताउनुभयो ।

उपप्रमुख उमा गोतामले नगरपालिकाले सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन आवश्यक जनशक्ति, अभिलेख व्यवस्थापन तथा प्राविधिक पूर्वाधारलाई थप व्यवस्थित बनाइने जानकारी दिनुभयो ।

# मेलाबाट आम्दानी, पर्यटनमा लगानी : दोवाका युवाको नयाँ अभियान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० भदौं



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ मा रहेको मणिबराही युवा क्लबले मेला सञ्चालन गरेर बचत भएको रु २० लाखभन्दा बढी रकम पर्यटन विकासमा परिचालन गरेको छ।

विसं २०८१ र २०८२ मा क्लबले दसैं पर्वको अवसरमा आयोजना गरेको मेलाबाट भएको आम्दानी पर्यटन पूर्वाधार निर्माणमा लगानी गरेको हो । क्लबका सचिव विकास पुनले पछिल्लो दुई वर्षमा क्लबमार्फत दोवाको पर्यटन, भौतिक पूर्वाधार, सामाजिक कामका लागि रु २० लाख सात हजार ७१० खर्च भएको जानकारी दिनुभयो ।

"दोवादेखि धौलागिरि आइसफल जोड्ने पदमार्गको पूर्वाधार निर्माण र प्रवर्द्धनका लागि क्लबले दुई वर्षमा सबैभन्दा बढी रु सात लाख ५८ हजार २५० खर्च गरेका छौँ", उहाँले भन्नुभयो "क्लबसँग हाल रु पाँच लाख ४९ हजार ९३७ बचत रहेको छ ।" २०८१ मा रु १५ लाख १९ हजार आम्दानी भएकोमा रु १२ लाख २२ हजार २५० र २०८२ मा रु १० लाख ३८ हजार ६४७ आम्दानी भएकोमा रु सात लाख ८५ हजार ४६० खर्च भएको छ।

पर्यटकीयस्थल सुर्केमेलामा रु तीन लाख ८१ हजार खर्चेर खानेपानीको व्यवस्था मिलाएको क्लबले दोवाको प्रवेशद्धार भीरकाटेस्थित सडक पुलमा रु एक लाख तीन हजार खर्चेर सूचनामूलक बोर्ड राखेको सचिव पुनले बताउनुभयो। रु दुई लाख ७४ हजार खर्चेर दोवाका विभिन्न पर्यटकीयस्थलमा राख्नका लागि ४१ वटा सूचना बोर्ड तयार पारिएको छ । दोवा पोखरा समाजको भवन निर्माण तथा जग्गा खरिदका लागि रु सात लाख सहयोग गरेको क्लबले रु चार लाख १९ हजार खर्चेर आफ्नै भवन मर्मत गरेको अध्यक्ष ठबहादुर गर्बुजाले बताउनुभयो । यस वर्ष क्लबको नाममा जग्गा खरिदको अन्तिम चरणमा रहेको छ।

दोवादेखि पातलखर्क, गरेकखर्क, देउरालीडाडा, ठूलोखानी,धैरासिर,गुराँसिनीखोला, भिराउटो, सुर्केमेला र हल्टुडे क्षेत्रमा पदमार्ग निर्माणका लागि गत आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित योजनामा क्लबले योगदान गरेको छ । अन्नपूर्ण गाउँपालिकाले रु १० लाख बजेट विनियोजन गरेको यस योजनाका लागि क्लबले रु चार लाख २५ हजार ७६५ सहयोग गरेको र रु एक लाख २४ हजार बराबरको श्रमदान भएको सचिव पुनले बताउनुभयो ।

"दोवामा पर्यटक भित्र्याउने र बसाइ लम्बाइ ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढाउने तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माणमा जुटेका हौँ", उहाँले भन्नुभयो, "सोवाङ धुरी र धौलागिरि आइसफललाई दोवासँग जोड्ने उद्देश्यले थालिएको पदमार्ग निर्माण कार्यलाई निरन्तता दिन आवश्यक छ ।"


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा कास्की जिल्ला, रुपा गाउँपालिका वडा नं. ०५ (साविक देउराली गा.वि.स. वडा नं.०३) निवासी शिव दत्त पौडेलको छोरा भारतीय भु.पु.सै.नं. ५८४५८४१L का सतिधर पौडेलको तपशिल बमोजिमका परिवारहरुको नेपाली नागरिकता र भारतीय पेन्सन पट्टामा नामथर र जन्ममिति फरक पर्न गएता पनि उक्त व्यक्तिहरु फरक व्यक्तिहरु नभई एउटै व्यक्तिहरु भएको बेहोरा अनुरोध छ भनि रुपा गाउँपालिका ०५ नं. वडा कार्यालयको च.नं. १३७ मिति २०८३।०५।२४ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीयं पेन्सन प्रयोजन को लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

तपसिल:

| क्र. सं. | नागरिकतामा नामथर | नाता | नागरिकतामा जन्म मिति वि.सं. | भारतीय अभिलेखमा नामथर | भारतीय अभलेखमा जन्ममिति ई.सं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सतिधर पौडेल | पेन्सनर | २०२२।१०।२२ | सतिधर पौडेल क्षेत्री | १९६६।०२।०४ | जिवित |
| २ | पदमा पौडेल | श्रीमती | २०२४।०२।०६ | पद्मा देवी पौडेल | १९६८।१२।०७ | जिवित |
| ३ | टिकाराम पौडल | छोरा | २०४५।११।१४ | टिकाराम पौडल क्षेत्री | १९८९।०२।२८ | जिवित |
| ४ | मनु पौडेल पोखेल | छोरी | २०५०।०४।१८ | सुस्मा पौडेल | १९९३।०८।०२ | जिवित |
| ५ | उदास पौडेल | छोरा | २०४८।०८।११ | उदास पौडेल | १९९१।११।२५ | जिवित |

**प्रमुख जिल्ला अधिकारी**



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला आर्वाविजय गा.वि.स. वडा नं. ६ निवासी भारतीय भु.पु.सै.नं 5845765 का टि.एस. नायक नर बहादुर वरालको नागरिकतामा नामथर नर वहादुर वराल उल्लेख भएको तर निजको भारतीय सैनिक अभिलेखमा नामथर नर वहादुर थापा उल्लेख भएको साथै निजको श्रीमतीको नागरिकतामा नामथर तुलसी देवी वराल उल्लेख भएको र पेन्सन अभिलेखमा तुलसी देवी थापा उल्लेख भई फरक फरक नामथर परेतापनि उल्लेखित फरक फरक नामथर हुने एकै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला आर्वाविजय गा.वि.स. कार्यालयको च.नं. ७४४ मिति २०७१।१।२३ को पत्रवाट लेखि आएकोले सोही व्यहोरा अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

# माइतीको आँगनदेखि सामाजिक सञ्जालसम्म: बदलिँदो तीज

**जनक श्रेष्ठ**
लमजुङ, ३० भदौं/रासस

तीज भन्नेबित्तिकै धेरैका आँखामा रातो सारी, हरियो चुरा, पोते, नाचगान र दरको सम्झना आउँछ तर तीज केवल एउटा चाडको नाम होइन, नेपाली महिलाको जीवन, सम्बन्ध, संस्कार र समयसँगै बदलिँदै गएको सामाजिक अवस्थाको कथा पनि हो । एक समय थियो, तीज विवाहित चेलीका लागि माइती पुग्ने दुर्लभ अवसर थियो ।

वर्षभरि कर्मघरको काममा व्यस्त हुने बुहारीका लागि माइतीको आँगनमा पुगेर दिदीबहिनी भेट्नु, सुखदुःख साट्नु र मनका कुरा गीतमार्फत पोख्नु नै तीजको ठूलो खुसी थियो । अहिले भने तीजको स्वरूप फेरिएको छ । यातायात र सञ्चारको सुविधा बढेको छ । माइती पुग्न कसैको बाटो कुरिरहनु पर्दैन । तीज आउनुअघि नै दर खाने कार्यक्रम सुरु हुन्छ । साथी तथा दिदीबहिनी रेस्टुरेन्ट र समारोहमा भेटिन्छन् । तीजका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छरिन्छन् ।

दोर्दी गाउँपालिका-३ की ७० वर्षीया यशोदा घिमिरेका लागि तीजको सम्झना अझै माइतीसँग जोडिएको छ । उहाँका अनुसार पहिले तीज विवाहित चेलीका लागि माइती भेट्ने प्रमुख अवसर थियो । विवाहपछि टाढाटाढा पुग्ने र वर्षभरिमा माइती आउजाउ गर्न सहज नहुने भएकाले तीजमा माइती जान पाउनु ठूलो अवसर मानिन्थ्यो । त्यतिबेला सवार ीसाधनको सुविधा थिएन ।

टाढा माइती जान घण्टौं हिँड्नुपर्थ्यो । तीज आउन केही दिनअघि नै बाबु, दाजु वा भाइ चेलीलाई लिन कर्मघर पुग्ने चलन थियो । कतिपय चेली आफैँ पनि माइती जाने गर्थे । "त्यतिबेला अहिले जस्तो सवारीसाधन र सञ्चारका माध्यम थिएनन् । टाढा भएका माइतीसम्म पुग्न घण्टौं हिँड्नुपर्थ्यो । त्यसैले तीजमा माइती भेट्नु नै ठूलो कुरा हुन्थ्यो," उहाँले भन्नुभयो । माइती पुगेपछि दिदीबहिनी तथा चेलीबेटी एकै ठाउँमा जम्मा हुन्थे । नाचगान हुन्थ्यो, सुखदुःखका कुरा हुन्थे । घरपरिवारमा भोगेका पीडा, गुनासा र मनका कुरा तीजका गीतमार्फत सुनाउने गरिन्थ्यो । त्यसबेला फोन वा सामाजिक सञ्जाल थिएनन् । टाढा भएका आफन्तसँग प्रत्यक्ष भेटेरै कुरा गर्नुपर्थ्यो । त्यसैले तीज महिलाका लागि मनको भारी बिसाउने अवसर पनि थियो । छोरी-चेली आउने भएपछि माइती पक्ष पनि बाटो हेरेर बस्थ्यो । घरमा चेलीका लागि दरको जोहो गरिन्थ्यो । उपलब्ध खाद्य सामग्री जुटाएर विशेष खाना बनाइन्थ्यो । सबैजना भेला भएर खाने, नाच्ने र रमाइलो गर्ने गरिन्थ्यो तर तीज आए पनि सबै बुहारी माइती जान पाउँदैनथे ।

घरको कामलाई प्राथमिकता दिइने भएकाले कतिपयलाई सासू-ससुराले माइती जान अनुमति नदिने अवस्था थियो । बुहारीले घरधन्दा र अन्य काममा बढी समय दिनुपर्ने भएकाले माइतीसँग भेटघाट गर्ने अवसर सीमित हुन्थ्यो । "तीज आए पनि सबै बुहारी माइती जान पाउँदैनथे । घरको काम गर्नुपर्छ भनेर कतिपयलाई जान दिइँदैनथ्यो । त्यतिबेला काम नै ठूलो कुरा मानिन्थ्यो," उहाँले भन्नुभयो । बैंसीसहर नगरपालिका-२ भकुण्डेकी ४४ वर्षीया पार्वती क्षेत्रीले भने आफ्नो पुस्तासम्म आइपुग्दा तीज मनाउने तरिकामा विस्तारै परिवर्तन आएको अनुभव गर्नुभएको छ । अघिल्लो पुस्ताको तुलनामा महिलामा चेतना बढ्दै गएपछि चेलीलाई माइती जान दिने र महिलाले पनि चाडपर्व मनाउन पाउनुपर्ने सोच विकास हुँदै गएको उहाँ बताउनुहुन्छ । "पहिलेभन्दा विस्तारै चेतना बढ्दै गयो । माइती जानुपर्छ, चाडपर्व मनाउन पाउनुपर्छ भन्ने कुरा पनि बुझ्न थालियो । त्यसपछि माइती जाने र भेटघाट गर्ने अवस्था अलि सहज हुँदै आयो," उहाँले भन्नुभयो । सडक र सवारीसाधनको पहुँच बढेपछि माइती आउजाउ अझ सहज भयो । पहिले बाबु, दाजु वा भाइ चेलीलाई लिन आउनुपर्ने अवस्था भए पनि पछि त्यो चलन क्रमशः कम भयो । फोनको सुविधा आएपछि माइतीबाट फोन गरेर बोलाउने र चेली आफैँ जाने क्रम बढ्यो । तीजको अघिल्लो दिन दर खाने र भोलिपल्ट व्रत बस्ने परम्परा भने कायम रह्यो । विवाहित महिलाले श्रीमानको दीर्घायु तथा परिवारको सुख-समृद्धिको कामना गर्दै व्रत बस्ने, दिनभरि साथीसङ्गीसँग भेटघाट गर्ने र नाचगान गरेर तीज मनाउने गरेको उहाँ बताउनुहुन्छ । "तीजको अघिल्लो दिन दर खाने र भोलिपल्ट व्रत बस्ने चलन थियो । श्रीमान्को आयु लामो होस्, सबै राम्रो होस् भनेर व्रत बसिन्थ्यो । दिनभरि साथीसङ्गीसँग भेटेर नाचगान गर्दै सुखदुःख साटेर तीज मनाउँथ्यौँ," उहाँले भन्नुभयो ।

बैंसीसहरकी २५ वर्षीया स्वेच्छा श्रेष्ठले भने आफूले देख्दै र भोग्दै आएको तीज अघिल्लो पुस्ताको भन्दा निकै फरक रहेको बताउनुहुन्छ । उहाँका लागि तीज महिलाको पर्व हो । तीजमा दर खाने, व्रत बस्ने र श्रीमान्को दीर्घायुको कामना गर्ने परम्पराबारे उहाँ जानकार हुनुहुन्छ । "तीज भनेको महिलाहरूको पर्व हो भन्ने बुझेकी छु । तीजमा व्रत बस्ने, अघिल्लो दिन दर खाने र श्रीमान्को आयु लामो होस् भनेर कामना गर्ने चलन हो भन्ने बुझेकी छु," उहाँले भन्नुभयो । उहाँका अनुसार अहिले तीज आउनुभन्दा महिनौँअघिदेखि नै दर खाने कार्यक्रम सुरु हुन्छन् । साथी तथा महिलाहरू समूह बनाएर पार्टी, समारोह र रेस्टुरेन्टमा जाने, दर खाने र रमाइलो गर्ने चलन बढेको छ । परम्परागत खानासँगै मासु, चिउरा तथा विभिन्न पेयपदार्थसहितका कार्यक्रम पनि हुन थालेका छन् । पहिरन र गरगहनामा प्रदर्शनको प्रवृत्ति बढेको उहाँको अनुभव छ । कसले राम्रो पहिरन लगाउने र कसले बढी आकर्षक देखिने भन्ने प्रतिस्पर्धा देखिन थालेको उहाँ बताउनुहुन्छ ।

तीज मनाएका तस्बिर, भिडियो तथा कार्यक्रमका गतिविधि सामाजिक सञ्जालमा पोस्ट गर्ने चलन पनि अहिले बढ्दै गएको छ । यसले तीजलाई घर, माइती र समुदायको सीमाबाट निकालेर सामाजिक सञ्जालको सार्वजनिक संसारमा पुऱ्याएको छ । तीजका गीतको स्वरूपमा आएको परिवर्तनप्रति भने उहाँको चिन्ता छ । पहिले धार्मिक भावना, मौलिक संस्कार-संस्कृति तथा महिलाका सुखदुःख समेटिएका गीत गाइन्थे । अहिले तीजका नाममा मनोरञ्जन र नाचगानलाई बढी प्राथमिकता दिने गीत आउने गरेको उहाँको बुझाइ छ ।

नेपाली मौलिक गीतसँगै विदेशी गीतमा पनि नाचगान गर्ने चलन बढेको उहाँ बताउनुहुन्छ । "अहिले तीजको नाममा रमाइलो र नाचगानलाई बढी प्राथमिकता दिइएको जस्तो लाग्छ । मौलिक तीजका गीत र परम्परा जोगाउन सबैले सचेत भएर लाग्नुपर्छ," उहाँले भन्नुभयो । उहाँ सम्भव भएसम्म गाउँघरमै, नभए आफ्नै घरमा साथीहरूसँग भेला भएर तीज मनाउने पक्षमा हुनुहुन्छ ।

तीजलाई केवल रमाइलो र प्रदर्शनको पर्वभन्दा पनि सुखदुःख साट्ने तथा मौलिक परम्परा र संस्कृतिसँग जोडेर मनाउनुपर्ने उहाँको धारणा छ । तीन पुस्ताका यी अनुभवले तीजको बदलिँदो तस्वीर देखाउँछन् । हिजो तीज माइती पुग्ने र मनका पीडा पोख्ने अवसर थियो । त्यसपछि सडक, सवारीसाधन र फोनसँगै माइती आउजाउ सहज भयो । अहिले तीज रेस्टुरेन्ट, समारोह र सामाजिक सञ्जालसम्म विस्तार भएको छ । माध्यम फेरिए पनि तीजको केन्द्रमा रहेको चेली र माइतीको सम्बन्ध, सुखदुःख साट्ने चाहना र आफ्नो संस्कृतिप्रतिको अपनत्व भने हराउनु हुँदैन । तीजलाई समय अनुकूल बनाउँदै लैजाँदा त्यसको मौलिकता जोगाउने चुनौती पनि सँगसँगै आएको छ । माइतीको आँगनबाट सुरु भएको तीजको यात्रा आज सामाजिक सञ्जालसम्म आइपुगेको छ । अबको प्रश्न यही हो-परिवर्तनसँगै अघि बढ्दा तीजको मौलिक आत्मालाई कसरी जोगाउने ?

# 'राइट टु प्रोटिन रन' मा १० राष्ट्रका धावक सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

पोखरामा आगामी असोज ३ गते 'राइट टु प्रोटिन रन २०२६' आयोजना हुने भएको छ ।

पोषण, प्रोटिन सचेतना, शारीरिक तन्दुरुस्ती तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल फिड इन्डस्ट्रिज एसोसिएसन (एनएफआईए)को आयोजनामा हुने उक्त दौडमा नेपालसहित विभिन्न १० राष्ट्रका चार हजार १०६ धावक सहभागी हुने आयोजकले आज पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो । कार्यक्रम संयोजक समेज राजभण्डारीका अनुसार दौडमा नेपालसँगै भारत, चीन, संयुक्त राज्य अमेरिका, डेनमार्क, केन्या, फ्रान्स, दक्षिण कोरिया, जर्मनी र इङ्ल्याण्डका धावक सहभागी हुनेछन् ।

दौड पोखरा लेकसाइडस्थित वसुन्धरा पार्कबाट सुरु भई हल्लनचोक, खहरे, सेदी, खपौदी, पामे हुँदै लौरुक पुगेर सोही मार्गबाट वसुन्धरा पार्कमै आएर सम्पन्न हुनेछ । प्रतियोगितामा हाफ म्याराथन पुरुषतर्फ ४०६ र महिलातर्फ ६४ जना सहभागी हुनेछन् । खुला पुरुषतर्फ १० किलोमिटर दौडमा ९८८ तथा खुला महिलातर्फ पाँच किलोमिटर दौडमा ३९७ जना सहभागी हुनेछन् । त्यस्तै, कक्षा १२ सम्मका युवातर्फ पुरुष पाँच किलोमिटर दौडमा एक हजार ६५८ र महिलातर्फ तीन किलोमिटर दौडमा ५५३ जना सहभागी हुनेछन् ।

ह्विलचेयर पुरुषतर्फ तीन किलोमिटरमा २४ र महिलातर्फ तीन किलोमिटरमा १६ जनाको सहभागिता रहनेछ । प्रतियोगितामा आठ विधाका उत्कृष्ट पाँच-पाँच धावकलाई गरी कुल रु १६ लाख नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । प्रोटिनको पर्याप्त मात्रा, गुणस्तर तथा उपलब्धताका विषयमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सन् २०१९ देखि 'राइट टु प्रोटिन रन' अभियान सञ्चालन हुँदै आएको हो । "यस वर्षको कार्यक्रममार्फत अण्डा, मासु, माछा, दूध, सोया, टोफु, पनिर, दाल तथा गेडागुडीजस्ता प्रोटिनका स्रोतबारे जनचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । साथै शारीरिक सक्रियता र स्वस्थ जीवनशैलीलाई प्रोत्साहन सहयोग पुग्नुका साथै उत्कृष्ट खेलाडी उत्पादन, नयाँ तथा उदीयमान धावकलाई अवसर प्रदान गर्नेछ । यसबाट पोखरालाई खेलकुद तथा स्वास्थ्य पर्यटनको गन्तव्यका रूपमा प्रवर्द्धन गर्न पनि सहयोग गर्ने अपेक्षा गरिएको छ", संयोजक भण्डारीले भन्नुभयो । पोषणसम्बन्धी छलफललाई सभा तथा सम्मेलनमा मात्र सीमित नराखी समुदायस्तरसम्म पुऱ्याउने उद्देश्यले दौड आयोजना गरिएको हो ।

यसैबीच, यही भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीबाट भएको क्षतिको पुनःस्थापनाका लागि एनएफआईएको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु तीन करोड १७ लाख ८४ हजार सहयोग गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा नेपाल एथलेटिक्स सङ्घले प्राविधिक सहयोग गर्नेछ भने नेपाली युवा उद्यमी मञ्च पोखरा, नेपाल ह्याचरी उद्योग सङ्घ, नेपाल लेयर्स कुखुरापालक सङ्घ, रेस्टुरेन्ट एन्ड बार एसोसिएसन, लायन्स क्लब र नेपाल पोल्ट्री महासङ्घलगायत विभिन्न सङ्घसंस्थाको सहभागिता रहनेछ ।

# सामागाउँका युवा आमरण अनशनमा

**पोखरापत्र संवाददाता**
गोरखा, ३० भदौं

जलवायु अन्यायविरुद्ध सामागाउँका युवा आमरण अनशन बस्ने भएका छन् ।

हिमाली क्षेत्रले भोगिरहेका दुःखकाविरुद्धमा जिल्लाको चुमनुब्री गाउँपालिका-१ सामागाउँका युवाले मनास्लु बेसक्यापमा आमरण अनशन बस्ने घोषणा गरेका हुन् ।

जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण गर्नुपर्ने मागसहित आगामी असोज २ गतेदेखि १८ गतेसम्म अनशन बस्न लागेको स्थानीय धावा नोर्बु लामाले बताउनुभयो ।

गोरखाका प्रमुख जिल्ला अधिकारीलाई सम्बोधन गरी लेखिएको आठबुँदे ध्यानाकर्षण पत्र सामागाउँका वडाध्यक्ष कर्मा छेवाङ लामा, मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) को स्थानीय इकाइ कार्यालय र सामागाउँ प्रहरीचौकीमा पेस गरेको लामाले बताउनुभयो ।

पत्रमा मनास्लु आधार शिविर तथा सामागाउँ क्षेत्रमा यो वर्ष धेरै नयाँ हिमताल थप भइरहेकाले यसबाट उत्पन्न हुनसक्ने जोखिमको अध्ययन तथा यसबाट बच्न अपनाउनुपर्ने उपायको खोजी गर्न सरकारसमक्ष माग गरिएको छ । "मनास्लुको फेद (पुंगेन)मा ताल थपिएका छन् । वीरेन्द्र ताल, कालताल, घुन्सारफुकमा रहेको ताल, न्योचुथानमा रहेका तीन वटा ठूलो जोखिमयुक्त ताल एवं मनास्लु क्षेत्र र चुम क्षेत्रमा रहेका हिमतालको हवाइ अनुगमन, निरीक्षण गरियोस्", पत्रमा भनिएको छ, ' यी सबै तालको गहिराइ मापन गरी भविष्यमा हुनसक्ने हिमताल विस्फोटको जोखिम अध्ययन गरियोस् । ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।

ताल र नदीमा पानीको जलसतह नाप्ने संयन्त्र र जोखिम बढेमा सर्वसाधारणलाई सतर्क गराउन साइरन बज्ने प्रविधि जडान गर्न माग गरिएको छ ।

नेपाल र चीनमा रहेका हिमताल तथा हिमनदीको संयुक्त रुपमा अध्ययन, अनुगमन गर्न माग गरिएको छ । एमक्यापजस्ता हिमाली क्षेत्रसँगसम्बन्धी संस्थाले देशभरका हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण बढिरहेको जलसतहको नियमित अनुगमन र निगरानी राखी त्यसबाट उत्पन्न जोखिमबाट आसपासका नागरिकलाई सुरक्षित राख्न पहल गर्नुपर्ने माग गरिएको छ ।

हिमाली क्षेत्रका विद्यालयमा जलवायु परिवर्तनको प्रभावका विषय पाठ्यक्रममा समेट्न पनि माग गरिएको छ । विश्वव्यापी वातावरणीय प्रदूषणमा नेपालको योगदान जम्मा शून्य दशमलव चार प्रतिशत योगदान रहेकामा प्रदूषण फैलाउने विकसित राष्ट्रबाट नेपालले पाउनुपर्ने जलवायू क्षतिपूर्ति र न्यायका लागि जोडदार पहल गर्न माग गरिएको छ ।

हिमाली क्षेत्रमा परेको जलवायु परिवर्तनको वास्तविक प्रभाव प्रत्यक्ष अनुभव गर्न सहरमा हुने गरेका जलवायु सम्बन्धी बैठक, सेमिनार हिमाली क्षेत्रमा आयोजना गर्न विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय सरकारी, गैरसरकारी संस्थासँग माग गरिएको छ । सन् २०२७ मा एलनिनोको प्रभावले हिमाली क्षेत्रमा अझै धेरै असर पर्ने हुनाले हिमाली बस्तीका नागरिकको जीवन रक्षा गर्न पूर्वतयारी गर्न पनि माग गरिएको छ । सुरुमा आफू एक्लै आमरण अनशन बस्ने र आफूलाई साथ दिन धेरै युवा तयार रहेको धावा नोर्बु लामाले बताउनुभयो ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १२ निवासी भारतीय भु.पु. सैनिक नं. १३९४१२१९ का नायक निम बहादुर गुरुङको श्रीमती बेल माया गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर बेल माया गुरुङ, जन्ममिति वि.सं. २०१७।१२।०८ र श्रीमानको नामथर नुन बहादुर गुरुङ भएको साथै निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर बेल माया, जन्ममिति ई.सं. १९५८/०६/१९ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका १२ नं वडा कार्यालयको च.नं. ३५६, मिति २०८२।०९।१७ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक कुहुँ गा.वि.स. वडा नं. ९, हाल मंगला गाउँपालिका वडा नं. २ बस्ने, भारतीय भू.पू. नं. ९४१७४४०L, दुर्ग बहादुर पुनको श्रीमती कुमारी पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर शेरपुन्जा पुन उल्लेख भएको र निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर कुमारी पुन उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित मंगला गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. १९०, मिति २०८३/०५/०२ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना



साविक पेल्काचौर गा.वि.स. वडा नं १२ हाल पुतलीबजार नगरपालिका वडा नं १२ निवासी भारतीय भु.पु. सैनिक जे.सी.नं १५८४५९ के.एल. सुवेदार मेजर हनेरी क्याप्टेन भिम प्रसाद गुरुङको श्रीमती चन्द्र कुमारीको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर चन्द्र कुमारी गुरुङ उल्लेख भएको र निजको पतिको सैनिक अभिलेखमा निजको नाम थर चन्द्र कुमारी भई फरक फरक नाम थर भएता पनि ब्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि उक्त नगरपालिका १२ नं वडा कार्यालयको च.नं ३५१ मिति २०७४/१२/२६ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला बिरुवा गाउँपालिका वडा नं. ०२ निवासी भारतीय भु.पु. सैनिक नं. ५०४१४७२ NK पुर्ण बहादुर गुरुङको श्रीमती ना.प्र.नं. ८७४१ की लाल कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर लाल कुमारी गुरुङ, जन्ममिति वि.सं. २०१२।०५।१० सन् 1955 Aug 26 भएको साथै निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर लाल कुमारी (Lal Kumari) जन्ममिति वि.सं. २०१७।०९।२१ सन् 1961 Jan 04 उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०२ नं वडा कार्यालयको च.नं. ८६४, मिति २०८३।०३।२४ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**म्याग्दी, बेनी**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक शिख गा.वि.स. वडा नं. ३ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ५ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. JC ६१७९५१ हिमलाल पुनको श्रीमती देवी पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर देवी पुर्जा पुन र जन्ममिति वि.सं. २०२८/०५/०१ (ई.सं. १९७१/०८/१७) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर देवी पुन र जन्ममिति वि.सं. २०२८/०१/१८ (ई.सं. १९७१/०५/०१) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. १५६, मिति २०८३/०५/१५ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही बमोजिम सिफारिस गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**